स्थानीय 'क' वर्गको
# झुलेनी पोष्ट
www.jhulenipost.com
वर्ष ११ , अंक १७, २०८१ मंसिर ११ मंगलवार (Jhuleni Post Weekly 26 Nov. 2024) पृष्ठ ८, मुल्य रु. २०
साप्ताहिक

झुलेनी पोष्ट साप्ताहिक
विज्ञापन प्रकाशनका लागि सम्पर्क
०८६-५९०४३६
कार्यालय : प्यूठान न.पा.-४, बिजुवार
Email : jhulenipyuthan@gmail.com

## असारे विकास रोक्दै लुम्बिनी प्रदेश सरकार




झुलेनी पोष्ट
प्यूठान

लुम्बिनी प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालयले असारे विकास प्रवृत्ति रोक्न जेठ महिनामै निर्माणको काम सक्ने गरी योजना कार्यान्वयन तीव्र पारेको छ । भौतिक पूर्वाधार विकास मन्त्रालयले कार्यान्वयन चरणमा रहेकामध्ये ८ वटा पक्की पुल, २० किलोमिटर सडक कालोपत्र, दुईवटा झोलुंगे पुल यो चार महिनाको अवधिमा सम्पन्न गर्दै योजना कार्यान्वयनलाई तीव्र पारेको हो । लुम्बिनी प्रदेशको सडक सञ्जाल गुरुयोजना निर्माणको काम गरिरहेको मन्त्रालयले चालु आर्थिक वर्षमा विनियोजन भएका योजना कार्यान्वयनलाई तीव्रता दिएको छ । चालु आर्थिक वर्षमा विनियोजन भएका सबै आयोजनाको काम जेठ महिनाभित्र सम्पन्न गर्ने गरी कार्यसम्पादनको काम अघि बढाएको जनाएको छ । असारे विकासलाई निरुत्साहित गर्न जेठ महिनाभित्र सबै निर्माणको काम सम्पन्न गर्ने लक्ष्य रहेको भौतिक पूर्वाधार विकास मन्त्री भूमिश्वर ढकालले बताए । मन्त्रालयले मन्त्रालयमा चौमासिक समीक्षा कार्यक्रमको आयोजना गर्दै मन्त्री ढकालले योजना कार्यान्वयनलाई तीव्रता दिन निर्देशन समेत दिएका छन् । 'असारे विकासको प्रवृत्ति रोक्नका लागि यसपालि कडाइका साथ कार्यसम्पादनको कामलाई अघि बढाएका छौं,' उनले भने, 'कार्ययोजना निर्माण गरेर कामलाई गति दिइएको छ भने गुणस्तरीयताका बारेमा आयोजनाको अनुगमनलाई पनि तीव्र पारेका छौं ।'

भौतिक पूर्वाधार विकास मन्त्रालयले कार्यान्वयन गर्ने चालु आर्थिक वर्षमा २ हजार १ सय २० योजना छन् । जसमध्ये बहुवर्षीय आयोजनाको रूपमा ४ वटा आयोजना प्रस्तावित छन् । यो चार महिनाको अवधिमा ३ वटा आयोजना सम्पन्न भइसकेका छन् । कार्यान्वयनको चरणमा सात सय ७९ वटा आयोजना रहेको मन्त्रालयका सचिव भीमार्जुन पाण्डेले बताए । 'यो चार महिनाको अवधिमा योजनाहरू ठेक्का लगाउन चाहिने कार्यविधिहरू निर्माण गर्यौं । ठेक्का पनि लगायौं । अब कार्यान्वयनको गति अघि बढेको छ,' उनले भने, 'सबै हिसाबले कार्यसम्पादनलाई उत्कृष्ट बनाउने गरी काम अघि बढेको छ ।' प्रदेशका ९ सय २ आयोजना खरिद प्रक्रियामा रहेका छन् । जम्मा आयोजनामध्ये २ सय ८९ वटा आयोजना अब कार्यान्वयनमा लैजाने अन्तिम तयारी छ । कार्यान्वयनको चरणमा रहेका आयोजनामध्ये चार महिनाको अवधिमा २० किलोमिटर सडक कालोपत्र गरिएको छ । १० किलोमिटर सडक कालोपत्रको काम अन्तिम चरणमा छ । ६ किलोमिटर सडक नयाँ ट्र्याक खोलिएको छ । २४ किलोमिटर सडक विस्तार गरिएको छ । ६ किलोमिटर सडक ग्राभेल गरिएको छ । ढलान गरेको चार सय मिटर पक्की सडक निर्माण भएको छ । कल्भर्ट तथा साना पुल पुलेसा ३० वटा सम्पन्न भएको वार्षिक समीक्षामा जानकारी गराइएको थियो ।

मन्त्रालयका अनुसार पक्की नाला १३ किलोमिटर निर्माण गरिएको छ । १ हजार ९ सय घनमिटर तारजालीसहितको टेवा पर्खाल निर्माण गरिएको छ । पक्की मेसिनरी टेवा पर्खाल २ हजार ४ सय घनमिटर निर्माण गरिएको छ । यो अवधिमा ८ वटा सडक पुल र दुई वटा झोलुंगे पुल निर्माण सम्पन्न भएका छन् । मन्त्रालयले चार महिनाको अवधिमा पुँजीगत खर्च ६ दशमलव ८ प्रतिशत पुर्‍याएको जनाएको छ । अब पुँजीगत खर्चको दर ह्वात्तै बढ्ने मन्त्रालयको दाबी छ ।

### हाम्रो नजर

## जिल्लाको विकासको विषयमा अर्थमन्त्रीसंग छलफल



प्यूठानको विकास पूर्वाधारका विषयमा जिल्लाबाट निर्वाचित प्रतिनिधि सभा सदस्य सूर्य थापाले अर्थमन्त्री विष्णु पौडेलसंग छलफल गरेका छन् । प्युठानका प्रमुख सडकहरू भालुबाङ-प्युठान सडक, बाग्दुला-भिमगिठे सडक र मदन भण्डारी राजमार्ग (सौतामारे-मच्छी तथा गोखुङ्गा- खरिबोट-बाग्दुला दुबै खण्ड) तथा अन्य विकास पूर्वाधारबारे उपप्रधान एमव् अर्थमन्त्री पौडेलसँग छलफल भएको थापाले बताए । छलफलमा भौतिक पूर्वाधार मन्त्रालयका सचिव केशवप्रसाद शर्मा, अर्थ मन्त्रालय बजेट महाशाखा प्रमुख श्रीकृष्ण नेपाल, मदन भण्डारी राजमार्ग आयोजना प्रमुख दीप बाराही, बाग्दुला-भिमगिठे सडक आयोजना प्रमुख थानेश्वर खत्री पनि सहभागी थिए ।

त्यस्तै जलस्रोत तथा सिंचाइ मन्त्री दीपक खड्कासँग भेटेर थापाले प्युठान नगरपालिका ९ र १० मा विपद्ले गरेको क्षतिको पुनर्निर्माण एवं वायो इन्जिनियरिङ टीम पठाउने र नौमुरे जलविद्युत आयोजनाको आयोजना कार्यालय सरुमारानी गाउँपालिका वडा नम्बर-१ बाङ्गेसालमा स्थापना गर्न विशेष ध्यानाकर्षण गराएका छन् ।थापा नेतृत्वको टोलीले नेपाल विद्युत प्राधिकरण वितरण तथा ग्राहक सेवा प्रमुख मनोज सिलवाललाई भेटेर स्याउलिबाङ र रजबारामा बाँकी विद्युतीकरण आउँदो मंसिर १५ भित्र सम्पन्न गरिसक्ने गरी अघि बढाउन माग गरेको छ । स्वर्गद्वारी आश्रम एवं धरमपानी प्रवेशद्वारसहित आसपासका क्षेत्रसम्म 'विशेष उज्यालो' कार्यक्रम सम्पन्न गर्न ध्यानाकर्षण समेत गराएको थापाले बताए ।

## गौमुखीको किनाममा होमस्टे सञ्चालन

शशिधर भण्डारी
प्यूठान

प्यूठानको गौमुखी, बाइसमुल झरना र नाङ्गी क्षेत्रमा घुम्न पुग्ने आन्तरिक तथा बाह्य पर्यटकलाई लक्षित गरी गौमुखीमा होम स्टे सञ्चालनमा आएको छ । गौमुखी गाउँपालिका-२ अर्खा किनाममा सामुदायिक होम स्टेको निर्माण गरी सञ्चालनमा ल्याइएको हो ।

गौमुखी, नाङ्गिलेख, बाईसमुल झरना लगायतका क्षेत्रमा प्रसस्त धार्मिक तथा पर्या पर्यटनको संभावना रहेको गौमुखी क्षेत्र स्वर्गद्वारी-गौमुखी पदमार्गसंग पनि जोडिएको छ । ढोरपाटनको नजिक रहेको गौमुखिमा पहिलो पटक होम स्टे सञ्चालनमा आएको होमस्टे सञ्चालक तथा गौमुखी सामुदायिक सिकाइ केन्द्रका अध्यक्ष मित्र थापाले जानकारी दिए । प्रदेश सरकारले डिभिजन वन कार्यालयमार्फत २०७७/०७८ मा सामुदायिक होमस्टे भवन बनाएको थियो । पूर्वाधार अपूर्ण रहेको उक्त भवनका लागि गौमुखी गाउँपालिकाले थप



सहयोग गरेपछि यसै सातादेखि होम स्टे सञ्चालनमा आएको थापाले जानकारी दिए ।

सामुदायिक होम स्टे निर्माणका लागि लुम्बिनी प्रदेश सरकारले डिभिजन वन कार्यालय मार्फत निर्माण गरेको भवनमा होम स्टे सञ्चालन हुन सकेको थिएन । जिर्ण बन्न थालेको भवनमा सिकाइ केन्द्रले गौमुखी गाउँपालिकाको सहयोगमा होमस्टे सञ्चालनमा ल्याएको हो । गाउँपालिकाको बजेटबाट होमस्टे सञ्चालकका लागि तालिम, ब्यवसायिक कुखुरा पालनका लागि स्थानीयहरुलाई चल्ला वितरण र होमस्टेमा आवश्यक सामग्रीहरु खरिद गरिएको थापाले बताए । 'गौमुखीमा आउने पर्यटकलाई वासस्थानको राम्रो व्यवस्था हुने र गाउँलेको आम्दानी पनि बढ्ने आशा राखेका छौ,' थापाले भने,' गाउँपालिकाको

बाँकी ६ पेजमा...

## जनहितमा जारी

- अव्यवस्थित शहरीकरण र औद्योगीकरणले जमिनमुनिको पानीको सतह घटिरहेको ,
- स्वच्छ पिउने पानीको अभाव र वातावरण प्रदुषण बढेको ,
- खेतियोग्य जमिनमा सिँचाई हुन नसकेको र कृषि उत्पादन घटेकोले :

**भूमिगत जलस्रोतको पुनर्भरणका लागि :**

- जलाधार क्षेत्रको संरक्षण गरौं ,
- ग्रामीण भेगमा आहाल, पोखरी र तालतलैयाको निर्माण गरौं ,
- शहरी क्षेत्रमा वर्षातको पानीमार्फत पुनर्भरणको विकल्प सहितका पूर्वाधार निर्माण गरौं ,
- पानी पुनर्भरणमा सहयोग गर्ने प्रजातिका बोटविरुवा रोपौं ,
- द्रुत जल प्रवाह हुने स्थानमा चेक ड्याम लगायतका नवीन प्रविधिको प्रयोग गरौं,
- भूमिगत पानीको पुनर्भरण कार्यलाई प्रोत्साहन गरी जल भण्डारणमा वृद्धि गरौं । दिगो विकासमा योगदान गरौं ।

जलश्रोत तथा सिंचाई डिभिजन कार्यालय ,प्यूठान

# के वर्तमान नेपाली समाजको मूल्य, मान्यता र आदर्शमा ह्रास आएकै हो त ?



**डा. बाबुराम ढुङ्गाना**

देश भित्र काममा जोडिएका श्रमिकहरू पढेर होइन गर्दै सिक्दैको अवस्थामा रहेकाले काममा निखरता आउन नसक्दा कतिपय कामहरू भारतीय दक्ष कामदारलाई सुम्पिनु परेको अवस्था समेत विद्यमान छ। आज मानिसहरूमा म को हुँ, मेरो जिम्मेवारी के हो, मसँग के के सीपहरू छन्, मसँग को को जोडिएका छन् जस्ता कुराहरू खोज्ने रुचि हराएको छ।

नेपाली समाजमा हालका वर्षमा सामाजिक संरचना, समाजका मूल्यमान्यता र आदर्शलाई हेर्ने दृष्टिकोणमा फेरबदल आइको भान हुन्छ। मुलुकमा कसैले कसैको विचारको सम्मान नगर्ने, एक आपसमा वितृष्णा जगाउने, राष्ट्र र राष्ट्रिय पहिचानलाई धुलो पिठो बनाउने कार्य वायुवेगमा भइरहेको छ। मुलुकमा पद्धति बसाउने भन्दा पनि जतिसक्दो चाँडो भत्काउने, तत्काल लाभ नभए अधैर्यता प्रदर्शन गर्दै विदेश पलायन हुने कुरामा सहमत हुने प्रवृत्ति बढ्दै छ। राजनीतिमा गैह्र राजनैतिक चरित्रको बोलवाल बढेको छ। युवापुस्ता उत्पादनशील उमेरमा विदेश जाने क्रम बढ्दो छ, कमजोर स्वास्थ्य र अन्य अप्राकृतिक वस्तुको बढ्दो प्रयोगका कारण बाँझोपन समेत बढ्न जाँदा जनस΅्या घट्दो क्रममा रहेको देखिन्छ।

त्यस्तैगरी हालका वर्षमा परिवार विघटन हुने क्रम बढ्न जाँदा बालबालिकाको स्वास्थ्य र पालनपोषणमा प्रत्यक्ष प्रभाव पर्न गएको छ, बालबालिकामा कुनै न कुनै प्रकारको अशक्तताको अवस्था बढ्दो छ। शिक्षित युवामा श्रमप्रतिको चर्को अनास्था र सिपको अभावमा कामको संसारबाट भाग्ने प्रवृत्ति बढ्न गएको देखिन्छ। देश भित्र काममा जोडिएका श्रमिकहरू पढेर होइन गर्दै सिक्दैको अवस्थामा रहेकाले काममा निखरता आउन नसक्दा कतिपय कामहरू भारतीय दक्ष कामदारलाई सुम्पिनु परेको अवस्था समेत विद्यमान छ। आज मानिसहरूमा म को हुँ, मेरो जिम्मेवारी के हो, मसँग के के सीपहरू छन्, मसँग को को जोडिएका छन् जस्ता कुराहरू खोज्ने रुचि हराएको छ। यस लेखमा मानिसलाई मानिसका रूपमा विकास गर्ने प्रमुख माध्यम शिक्षाको भूमिका, प्रयोग र वर्तमान नेपाली समाजमा शिक्षा उभिएको जगका बारेमा उल्लेख गर्ने प्रयास गरिएको छ।

१. सही धारणा विकासका लागि आवश्यक पढाइ के हो र धारणा कसरी बन्छ ?

१. नेपालमा आजकाल धेरै मानिसहरु चित्र र थोरै शब्द भएका वाक्य मात्र हेर्छन् र तत्काल आफ्नो धारणा बनाइ हाल्छन्। उनीहरुमा लामो पुस्तक पढ्न त पढ्ने कुरा छाडौँ, एउटा लेख पनि पूरा पढ्ने फुर्सद हुँदैन, धैर्यता छैन वा रहरै लाग्दैन।

२. कतिपय व्यक्तिले चिनेको लेखक प्रतिको आफ्नो आग्रहका आधारमा मात्र लेख वा विचार पढ्छन्।

३. कतिपयले आफ्नो कामसँग जोडिएका विषय मात्र हेर्छन् भने अरु कुनै विषयवस्तुमा उनीहरुको ध्यान जाँदैन।

४. कतिपयले फेसबुक, टिकटक, भिडियो, कार्टुन चित्र, प्रोमो र फिल्म हेरेर नयाँ विषयवस्तु प्रतिको आफ्नो धारणा बनाउँदछन्। अहिले धेरै नेपालीको हातमा मोबाइल छ जसले यस्ता सामग्री क्षणभरमा जतातत‌ै पुऱ्याएको छ।

५. सिकाइको विश्वव्यापी ढाँचाले सिकाइ सामग्रीमा पाठकको रुची र अवस्था अनुसार विविधता दिनुपर्छ भनेता पनि नेपालमा पुस्तकमा आधारित सिकाइका पाठ्यसामग्रीको बजार ह्वात्तै घटेको देखिन्छ।

६. कतिपयको धारणा ठूला पदमा बसेकाले भनेको वा लेखेको भएर सत्य भएको तर पढेका वा भोगेकाले भनेको कुरामा पत्यार नभएको हुन सक्छ।

७. नेपालमा आजकाल मानिसको बिचार बनाउने श्रव्यदृष्य सामग्री कुनै बिचारमा आधारित नभएका तर दर्शक संख्या वढाएर पैसा कमाउने व्यवसायीहरु र विदेसमा बसेर नेपालमा परिवर्तन गर्न चाहने सिप र स्रोत भएका युवाहरुले रिसले चुर भएर यहाँको विद्यमान चित्र र चरित्रको वद्नाम गर्ने सामग्रीमा आधारित छन्।

८. राष्ट्रियस्तरका पत्रिकाहरुले जागिरदारका रुपमा लेखक नियुक्ति गरेका छन्, जसले केहीदिनको अन्तरालमा लेख निकाली रहनुपर्छ। यस्ता लेखमा कुनै नविनता हुँदैन। अपरिचित लेखकका नयाँ विचार र विषयवस्तुलाई ख्याल गर्दैनन्, जुनकुरा आम पाठकमा पुग्नै सक्दैन।

९. बजारमा आएका पुस्तकमा के विषय पस्किएको छ थाहा नभएपनि डिजीटल विधिबाट गरिने विज्ञापनले अचम्मै राम्रो पुस्तकका रुपमा चिनाउँदा पुस्तक विक्रि हुने तर पढेर प्रशंसा कमाएको भने थोरै छ।

१०. कतिपय लेखकले आफूले लेखेको पुस्तकको महिमाको प्रायोजित चर्चा गराएर विक्री वढाउने प्रयास गरेको पनि भेटिएको छ।

११. नेपाल सरकारमा दशकौँ भन्दा वढी काम गरेर मन्त्री, माननीय, न्याधिश, सचिव, मुख्य सचिव वा फेरी पनि संवैधानिक नियुक्ति लिएका व्यक्तिहरुका लेखहरु दिनहुँ जसो पत्रपत्रिकामा आउँछन् , जसले पदमा बस्दा ल्याएको सुधारात्मक परिवर्तन खोज्न अर्को अध्ययनको खाँचो छ, ती बिचार वहाँहरु स्वयंका हुन् वा लेख्न र वक्तव्य दिनका लागि मात्र तयार भएका होलान् प्रश्न उठ्ने गरेको छ।

१२. अब नयाँ विषयवस्तु पाठकका माझ पुऱ्याउने हो भने विधागतरुपमा व्यक्तिको तत्कालको खाँचो पूरागर्ने गरी छोटो, चित्रात्मक र रङ्गिन प्रस्तुती पस्कने हो की ? विस्तारै विषयवस्तुमा रस पसेपछी मात्र पूरै लेख र पुस्तकमा इच्छा भएका पाठक आफैँ जालान्।

१३. तर, एकजना कविले वर्तमान विकृतिको विरुद्धमा छोटो पद्यकलाका माध्यमबाट कलम चलाउनु भएकोमा पछिल्ला समयमा वहाँको कविता एकै व्यक्तिका विरुद्धमा र सँधै उएटै औजार - खुर्सानी मात्र प्रयोग गर्नु भएकोले पाठक घटेको मात्र नभइ आलोचना समेत भएको छ। लेखन र प्रस्तुतीकरणले पनि 'प्रस्थान' खोजेको

बाँकी ६ पेजमा...

झुलेनी पोष्ट
सम्पादकीय....

## सर्वपक्षीय छलफललाई निरन्तरता देउ

प्यूठान जिल्लामा पछिल्लो समयमा जिल्ला प्रशासन कार्यालयले विभिन्न विकास निर्माणका कार्यहरु, अवरुद्ध योजनाहरु र रुग्ण बनेका कामहरुलाई समयमा सम्पन्न गर्नका लागि लिएको पहल,गरेको समन्वय र जिल्लाबाट निर्वाचित जनप्रतिनिधी एवं राजनीतिक दलहरुको ऐक्यबद्धता सकारात्मक छ । जनप्रतिनिधी,प्रशासन र राजनीतिक नेतृत्वको सकारात्मक प्रयासका प्रतिफलहरु आंसिकरुपमा देखा पर्न थालेका छन् ।

दुर्गम बस्तिहरुमा भईरहेका सार्वजनिक र सर्वपक्षिय छलफलले मुर्तरुप लिन थालेको छ। जिल्लाकै मध्यभागमा निर्माणाधिन अबरुद्ध सब-स्टेशन सञ्चालनमा लिईएका पहल, शैक्षिक सुधारका निम्ति स्थानीय स्तरमा र जिल्ला स्तरमा चलाईएका पहल एवं आत्महत्या न्यूनिकरण एवं सामाजिक विकृति रोक्न गरिएका सर्वपक्षिय छलफल र पहल चर्चा लायक छन् । यि पहलहरुले प्यूठान जिल्लाको विकास, सुशासन, सेवाप्रवाह र सामाजिक न्यायका निम्ति सकारात्मक योगदान गर्दै आम नागरिकको राज्यव्यवस्था प्रतिको सकारात्मक धारणा र बुझाई निर्माणमा सहयोग पुर्याउनेछ।

नागरिकमा जागिरहेको सेवा प्रवाहप्रतिको असन्तुष्टि, राजनीति प्रतिको निरासा र सामाजिक वितिष्णाको निवारण गर्ने उपाय भनेकै राजनीतिक दलका एजेण्डा, जनप्रतिनिधीका नीति र राष्ट्रसेवकले गर्ने कार्यान्वयनका कारण समग्रमा नागरिकले पाउने डेलिभरीमार्फत हो ।

त्यसका लागि सबै पक्षहरु जिम्मेबार हुन्छन। नागरिक समाज र आमसञ्चार जगतले यि पक्षका खराविहरुमाथि औंला उठाउने र सकारात्मक कदमले जनतामा आशा जगाउदा समग्र लोकतन्त्र मजबुत हुन्छ । यसकारण सर्वपक्षिय पहलकदमिले सकारात्मक नतिजा लिनेछ भन्ने विश्वास गर्न सकिन्छ।

तर, यस्ता पहलकदमिको निरन्तरता दिने र अर्थपूर्ण निष्कर्षमा पुर्याउने कुरामा सबैको पहल हुनुजरी छ। कामको उठान गर्नुभन्दा त्यसलाई निष्कर्षमा पुर्याउनु महत्वपूर्ण हो । नागरिकमा आशा जगाईसकेपछि त्यो पूरा भएन भने थप निराशा बढ्न सक्छ। आलोचना हुन्छ। त्यसकारण अहिले जुन पहलकदमिहरु देखिएका छन् तिनिहरुलाई पुर्णतया निष्कर्षमा पुर्याउने र अर्थपूर्ण बनाउनेमा सबैको ध्यान पुग्नु जरुरी छ।


नियमित रूपमा आँखाको जाँच गराऔं

आँखा सम्बन्धी समस्या भएका आँखाका बिरामीहरूले बेलैमा आँखाको परीक्षण गराऔं। साथै सबैले समय समयमा आफ्नो आँखाको जाँच गराई आँखाको समस्याबाट बचौं ।






स्थानीय तहहरूसँगको सहकार्यमा ज्येष्ठ नागरिकहरूको निःशुल्क आँखा परीक्षण समेत गरिरहेकोले ज्येष्ठ नागरिकहरूले आफ्नो नागरिकताको फोटोकपी लिएर निःशुल्क रूपमा सेवा लिन नभुलौं। आँखा धमिलो देखिने र मोतीबिन्दु भएका बिरामीहरूले चेक जाँच गरेर विभिन्न समयमा हुने शिविरमा शल्यक्रिया सेवा पनि प्रदान गरिनेछ ।

लक्ष्मी मल्ल ठकुरी
प्रमुख

आँखा उपचार केन्द्र एवं प्रस्तावित नरेन्द्र गायत्री आँखा अस्पताल बिजुवार, प्यूठान

# लाटो नाच र बोक्सो लखेट्ने परम्परा



प्यूठान जिल्लाको अर्खा डाँडा गाउँमा नाचिने लाटो नाच र यस अवसरमा झाँक्रीद्वारा गाउँबाट बोक्सो लखेट्नको लागि गरिने अनुष्ठान यहाँको अमूर्त सांस्कृतिक सम्पदा हो। यो दूर्लभ सांस्कृतिक अभ्यास गौमुखी गाउँपालिकाको वडा नम्वर ३ रजबारमा रहेको पाइएको छ।

यी दुई सांस्कृतिक अभ्यास एक आपसमा सम्बन्धित रहेका छन् । यो पनि झाँक्री परम्पराकै विशिष्ट सांस्कृक्तिक अनुष्ठान हो भन्ने देखिन्छ।

यो सांस्कृक्तिक अभ्यासमा आरम्भमा झाँक्रीहरूको समूहले कुनै एक व्यक्तिलाई लाटाको अभिनय गराउने र लाटाहरूलाई नग्न स्वरूपमा नचाउने गर्दछन् । अन्त्यमा गाउँमा प्रवेश गरेको विश्वास गरिने अदृश्य बोक्साहरूलाई धार्मिक अनुष्ठान गर्दै गाउँ बाहिर लखेट्ने वा भगाउने विधि सम्पन्न गर्दछन्।

यसलाई स्थानीय बासिन्दाहरूले 'लाटा खेल्ने र बोक्सो लखेट्ने जात्रा' नामले सम्बोधन गर्दछन् । एक वर्ष बिराएर यो सांस्कृतिक अभ्यास सम्पन्न गरिन्छ।

लाटो नाच श्रावण २ गते सम्पन्न हुन्छ। बोक्सो लखेट्ने मेला एक वर्षको फरकमा मंसिर महिनाको पहिलो बुधबार हुने गर्दछ। रजवारामा मनाइने झाक्री लखेट्ने मेला मंसिर पहिलो मंगलबार रजवारामा जेठी भुमे पुजेर सकिएपछि भूतप्रेत, प्राकृतिक विपत्ति, महामारी, सङ्कटहरूबाट बचाउने जनविश्वास रहेको उक्त नाचमा मन्दिर पल्लोपट्टि हलो गाडेपछि समापन हुने गर्दछ ।

निर्धारित चौरमा गाउँका झाँक्रीहरू छाप्रो बनाएर बसेका हुन्छन् । राँगो काटेर भोजको तयारी गरिन्छ। लाटोको अभिनय गर्ने पात्रहरू पूर्णरूपमा नग्न हुन्छन्। शरीरमा माटो कमेरो घसेर चिन्न नसक्ने बन्दछन् । घाँटीमा घाँडो (घण्टी) झुण्डाउँछन्। हातमा लट्ठी लिन्छन्।

महिलाहरूको सहभागिता नहुने यस सांस्कृतिक अनुष्ठानमा झाँक्रीहरूले ढ्याङ्ग्रोको तालमा गीत भट्टाउँदै लाटाहरूलाई नचाउने गर्दछन् । साँझपख लाटाहरूलाई राँगाको मासु र रक्सी खुवाइन्छ। त्यसपछि झाँक्री तथा लाटाहरू सबै मिलेर गाउँमा रहेको विश्वास गरिने अदृश्य बोक्साहरूलाई चर्को आवाजका साथ ढुङ्गामुढा आदिले लखेट्दै गाउँबाट बाहिर भगाउने गरिन्छ। गाउँको माथिल्लो भागको चौरबाट राँगाको सिङ घिसार्दै गाउँको तल्लो भागमा पुर्‍याएर बिसर्जन गरेपछि यो सांस्कृतिक अनुष्ठान सम्पन्न हुन्छ।

यसपछि दुई वर्षसम्मका लागि गाउँ बोक्साहरूबाट सुरक्षित हुने विश्वास गरिन्छ । गाउँको माथिल्लो भागमा लाटा नाच्ने तथा बोक्सा लखेट्ने कार्य गरिरहँदा गाउँको तल्लो भागमा महिलाहरू तथा आसपासका गाउँबाट आएका मानिसहरूको जात्रा लाग्ने गर्दछ।

झाँक्रीहरूले बोक्साहरूलाई गाउँबाट लखेट्ने अनुष्ठान झाँक्री परम्पराको एक विशेषता नै हो। तर यस अवसरमा झाँक्रीहरूले नग्न अवस्थाका लाटाहरू नचाउने परम्पराको अर्थ र वास्तविकता भने अझै अज्ञात रहेको छ।


भाषा सिकौं
कोरिया तथा जापान जाऔं
● नेपालका सर्वोत्कृस्टक प्रशिक्षकद्धारा कोरियन तथा जापानिज भाषा प्रशिक्षण गराइने ,
● एकपटक भर्ना भएपछि इन्जामको डेटसम्म पढ्न मील्ने ,
● सम्पुर्ण बुक मिनीङ बुक र पिडिएफ पाइल उपलव्ध गराईने ,
बिजुवार भौकाको लागि सम्पर्क
९८६९१३८०७९
बाग्दुलाको लागि सम्पर्क
९८५७०७९८६०
द बेस्ट एजुकेशन फाउन्डेशन
प्यूठान न.पा.८ बाग्दुला प्यूठान



जनहितमा जारी सन्देश
● फोहोर छोएपछि, खाना खानु वा खुवाउनु अघि, चर्पी प्रयोग गरिसकेपछि साबुन पानीले हात धुने बानी बसालौं ।
● व्यक्तिगत सरसफाईमा ध्यान दिऔं । घर भित्र र घर वरपर नियमित सरसफाई गरौं ।
● दिसा/पिसाब गर्दा चर्पी नै प्रयोग गरौ खुल्ला ठाउँमा दिसा, पिसाब नगरौं ।
● कुहिने र नकुहिने फोहोर वर्गीकरण गरौं,र दुई छुट्टाछुट्टै भाँडामा संकलन गरौं ।
● सार्वजनिक सवारी साधनबाट यात्रा गर्ने क्रममा झ्यालबाट सार्वजनिक स्थल तथा सडकहरुमा कुनै पनि प्रकारका फोहोरजन्य पदार्थहरु जथाभावी फ्याँक्ने काम नगरौं ।
अनुरोधक :
खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, प्यूठान



मल्लरानी ट्रेडर्स एण्ड सप्लायर्स
प्रो. बिपिन श्रेष्ठ
राम के सी
प्यूठान न.पा ४ जाल्पादेवी रोड जुम्री, प्यूठान
९८५७८३३७६२
९८४७८७४५२४
हामी कहाँ सिमेन्ट, सरिया, ईटा, जस्ता पाता तथा हार्डवेयर सम्वन्धी सम्पुर्ण सामानहरु पाउनुका साथै घर निर्माणका सामग्रीहरु सुपथ मुल्यमा पाइन्छ ।




# एक स्वास्थ्य–एक पृथ्वी

**जलवायु परिवर्तनको समाधानः वन्यजीव र वन्यजीवको संरक्षण, वृक्षरोपण र विद्यमान जंगलहरूको सुरक्षा मानव र जनावर स्वास्थ्यका लागि महत्त्वपूर्ण छन् । एक स्वास्थ्य अवधारणाले जलवायु परिवर्तनजन्य समस्याहरुको निवारणका उपायहरूला प्रोत्साहित गर्छ । यसले वातावरणीय, मानव र जनावर स्वास्थ्यलाई एकसाथ फाइदा पुर्‍याउँछ ।**



डा .विधुप्रकाश कायस्थ, पीएचडी

पछिल्ला केही वर्षमा मानव स्वास्थ्य, जनावर स्वास्थ्य र वातावरणबीचको सम्बन्ध अझ स्पष्ट हुँदै गइरहेको छ। 'एक स्वास्थ्य' को धारणाले यी तीन क्षेत्रहरूको आपसी निर्भरता र सम्बन्धलाई महत्त्व दिनुका साथै यसले विश्वव्यापी स्वास्थ्य समस्याहरूको समाधानको लागि एक समग्र दृष्टिकोण दिन्छ।

वातावरणीय संकटले जंगल र वन्यजन्तुहरूको लागि जोखिम बढ्दै गएको छ। एक स्वास्थ्य सिद्धान्तलाई संरक्षणका प्रयासमा समावेश गर्नु सबै जीवित प्राणहरूको भलाइका लागि महत्वपूर्ण छ। यो सोच रेड इण्डियन प्रमुख सिएटलको १८५४ को पत्रमा व्यक्त गरिएको गहिरो विचारसँग मिल्दोजुल्दो छ। तत्कालीन अमेरिकी राष्ट्रपति फ्रान्कलिन पियर्सलाई लेखेको पत्रमा उनले मानव, पृथ्वी र सबै जीवित प्राणीहरूबीचको पवित्र सम्बन्धलाई स्पष्ट रूपमा व्याख्या गरेका थिए।

**एक स्वास्थ्य अवधारणाः मानव, जनावर र वातावरणीय स्वास्थ्यको जोड**

एक स्वास्थ्यको अवधारणा मानव, जनावर र वातावरणीय स्वास्थ्यबीचको सम्बन्धको अपरिहार्यतालाई विवेचना गर्ने एक समग्र दृष्टिकोण हो। पछिल्ला दशकहरुमा देखिएका र आगामी दिनहरुमा देखिने विश्वव्यापी जनस्वास्थ्य संकटलाई सम्बोधन गर्न यो दृष्टिकोण बढी महत्त्वपूर्ण भएको छ। हालै देखिएका जनावरबाट मानवमा संक्रमण हुने जुनोटिक रोग ले मानव र पशु स्वास्थ्यका क्षेत्रहरूमा आपसी समन्वयको आवश्यकता झल्काएको छ।

एक स्वास्थ्यको प्रमुख सिद्धान्तमध्ये जंगलको विनाश र जैविक विविधतामा हानि, मानव र पशु दुवैको स्वास्थ्यलाई सिधा प्रभाव पार्छ। पृथ्वीको ३१ प्रतिशत भू-भाग ओगटेको जंगलले शुध्द हावा, पानी र आहार प्रदान गर्छ। वनजंगलले जलवायु परिवर्तनलाई कम गर्न महत्त्वपूर्ण भूमिका खेल्छ। जंगलहरू वन्यजीवहरूको घर पनि हुन्। जंगलमा जैविक विविधतामा हुने हानिले गर्दा वातावरणीय सन्तुलनमा ह्रास हुनसक्छ। यस्तो अवस्थामा जनावर र मानव दुवैको लागि हानिकारक स्थितिहरू सिर्जना गर्न सक्छ।

**जंगल र वन्यजीवहरूको विनाश र रोगहरूको संक्रमण**

जंगल र वन्यजीवहरूको आवासको विनाशले वातावरणीय संतुलनमा ह्रास गर्नुका साथै रोगहरूको संक्रमणका जोखिमहरू पनि सिर्जना गर्छ। जब वन्यजीवका आवासमा अतिक्रमण गरिन्छ तब जनावरहरू मानव समुदायसँग नजिकसँग सम्पर्कमा आउन बाध्य हुन्छन्।

यसले जुनोटिक रोगहरूको जोखिम बढाउँछ। जनावरबाट मानवमा रोगको संक्रमणको गम्भीर विनाशकारी प्रभाव हुनसक्ने तथ्य कोभिड-१९ महामारीले स्पष्ट गरेको छ।

मुखिया सिएटलको दृष्टिकोणः जंगल र वन्यजीवहरूबीचको पवित्र सम्बन्ध

मुखिया सिएटलको १८५४ को पत्रमा जीवनको आपसी सम्बन्धको गहिरो वास्तविकता प्रस्तुत गरिएको छ। उनले लेखेका थिए- "मेरो जनताको लागि पृथ्वीको हरेक भाग पवित्र छ। हरेक चम्किलो पाइनको सुई, हरेक बालुवा तट, हरेक अन्धकार जंगलमा लाग्ने कुहिरो, हरेक सफा र गुञ्जने कीडा हाम्रो सम्झना र अनुभवमा पवित्र छ।"मुखिया सिएटलका यी शब्दहरूले जंगल, वन्यजीव र सबै जीवित प्राणीहरू समावेश रहेको प्राकृतिक संसारको आन्तरिक मूल्य हुनुका साथै मानव अस्तित्वसँग गहिरो रूपमा जोडिएको प्रष्ट पारेका छन्।

यी प्राकृतिक संसाधनहरूको विनाश केवल एक वातावरणीय समस्या मात्र नभएर एक नैतिक र आध्यात्मिक संकट पनि हो जसले मानव र जनावरको स्वास्थ्यलाई प्रभावित गर्छ। भूमि र जीवहरूको लागि सम्मानका लागि उनको आह्वान एक स्वास्थ्य दृष्टिकोणसँग मेल खान्छ।

मुखिया सिएटलको सन्देशले दीर्घकालीन जिम्मेवारीको महत्त्वलाई पनि उजागर गर्छ। उनले भनेका थिए कि पृथ्वी केवल वर्तमान पुस्ताको हुनुका साथै भविष्यका पुस्ताहरूको पनि हो। यस दृष्टिकोण एक स्वास्थ्य ढाँचासँग मेल खान्छ जसले दीर्घकालीन स्थिरता र सबै जीवित प्राणीहरूको स्वास्थ्यको सुरक्षा गर्ने कदमहरूमा जोड दिन्छ।

**वन्यजीव र जंगलहरूको संरक्षणमा एक स्वास्थ्य दृष्टिकोणको भूमिका**

वन्यजीव र जंगलहरूको संरक्षण एक स्वास्थ्य दृष्टिकोणको केन्द्रीय अंश हो। जंगलहरूले जीवनको लागि हावा र पानीलाई शुद्ध गर्नु, जलवायु नियमन गर्नु र जैव विविधता कायम राख्नु जस्ता आवश्यक सेवा प्रदान गर्छन्। जंगलहरूले वन्यजीवहरूको लागि महत्वपूर्ण आवास पनि प्रदान गर्छन् जसले स्थानीय र वैश्विक वातावरणीय स्वास्थ्यमा सकरात्मक योगदान पुर्‍याउँछन्। जब हामीले जंगल गुमाउँदा केवल रुखहरुका साथै जीवनलाई कायम राख्ने जटिल सन्तुलन गुमाउँछौं।

वन्यजीव र जंगलहरूको संरक्षणका उपाय

वन र वन्यजीवहरूको संरक्षणको लागि एक स्वास्थ्य अवधारणालाई नीति, संरक्षण र स्वास्थ्य सेवा क्षेत्रहरूमा लागू गर्न आवश्यक छ। यसमा वातावरणीय ह्रासका कारणहरूलाई सम्बोधन गर्ने र मानव र जनावरको स्वास्थ्यको रक्षा गर्ने अन्तरविभागीय समन्वय निर्माण गर्ने कुरा समावेश छ।

वन भूमि उपयोग र संरक्षणः कृषि-वृक्षरोपण र वन्यजीवको संरक्षणले वन भूमि-प्रयोगका अभ्यासहरूले जंगललाई जोगाउन मद्दत पुर्‍याउँछन्। यसले मानव जीवनयापनलाई पनि सहयोग गर्छ।

जलवायु परिवर्तनको समाधानः वन्यजीव र वन्यजीवको संरक्षण, वृक्षरोपण र विद्यमान जंगलहरूको सुरक्षा मानव र जनावर स्वास्थ्यका लागि महत्त्वपूर्ण छन्। एक स्वास्थ्य अवधारणाले जलवायु परिवर्तनजन्य समस्याहरुको निवारणका उपायहरूला प्रोत्साहित गर्छ। यसले वातावरणीय, मानव र जनावर स्वास्थ्यलाई एकसाथ फाइदा पुर्‍याउँछ।

जुनोटिक रोगहरूको रोकथामः वन्यजीवको स्वास्थ्य निगरानी र आवास विनाशको रोकथामले जुनोटिक रोगहरूको जोखिम कम गर्न मद्दत पुर्‍याउँछ। जनावर र वन्यजीवको स्वास्थ्यको अनुगमन गर्ने एकीकृत निगरानी प्रणालीहरूले सम्भावित महामारीहरूको बारेमा पूर्व चेतावनी प्रदान गर्न सक्छन्।शिक्षा र जनपैरवीः वन्यजीव र जंगलहरूको संरक्षणको साथसाथै जैव विविधताको महत्त्वबारे विश्वव्यापी जागरूकता र शिक्षा अभियान आवश्यक छ।

आदिवासी मुखिया सिएटलले भनेका छन् कि पृथ्वी पवित्र छ र यस पवित्रता सम्मान गर्न सबै पुस्ताले प्रयास गर्नुपर्छ। आगामी पुस्तालाई जैविक विविधतामा आपसी सम्बन्धको महत्त्व बुझाउने जमर्कोले पृथ्वीको संरक्षणको लागि दीर्घकालीन जिम्मेवारीको भावनालाई जागृत गराउँछ।

**निष्कर्ष**

वन्यजीव र जंगलको संरक्षण वातावरणीय मुद्दा मात्र नभएर स्वास्थ्यको मुद्दा पनि हो। एक स्वास्थ्य अवधारणा लागू गरेर मानव, जनावर र वातावरणीय स्वास्थ्यबीचको अविभाज्य सम्बन्धलाई स्वीकार गर्न सकिन्छ। एक स्वास्थ्य ढाँचाले हामीलाई यस आपसी सम्बन्धको सम्मान गर्न, जंगल र वन्यजीवहरूको रक्षा गर्न र मानव लगायत सबै जीवित प्राणीहरूको लागि एक स्वस्थ र समृद्ध भविष्य सुनिश्चित गर्न आह्वान गर्छ। निरन्तर वृध्दि भइरहेको वातावरणीय चुनौतीहरूको सामना गर्दै हामीले विगतको ज्ञानलाई अनुकरण गर्ने र यो पृथ्वीको रक्षा गर्न सामूहिक कदमहरू चाल्नु आवश्यक छ। पृथ्वीको प्राकृतिक प्रणालीहरूको सम्मान र एकता मार्फत मात्रै हामी हाम्रो साझा भविष्यलाई बचाउन सक्छौं।

# एमाले झिमरुकको अध्यक्ष खड्का



झुलेनी पोष्ट
प्यूठान

नेकपा (एमाले) झिमरुक गाउँ कमिटिको दोस्रो अधिवेशन आइतबार सम्पन्न भएको छ। अधिवेशनले पदम खड्काको नेतृत्वमा ६५ सदस्यीय समिति चयन भएको नेकपा एमाले प्यूठानका उपसचिव तथा प्रचार विभाग प्रमुख ईश्वरा आचार्यले जानकारी दिईन्। कमिटीको उपाध्यक्षमा रामचन्द्र भण्डारी,सचिव निमबहादुर सुनार,उप-सचिव मेखबहादुर सुनार र बसन्त बस्नेत रहेका छन्।पार्टीका झिमरुक गाउँपालिका कमिटिका कार्यवाहक अध्यक्ष पदम खड्को अध्यक्षता र नेकपा(एमाले)का पोलिटव्यूरो सदस्य तथा प्रतिनिधि सभा सदस्य सूर्य बहादुर थापा क्षेत्रीको प्रमुख आतिथ्यतामा कार्यक्रम सम्पन्न भएको हो। प्रमुख अतिथी थापाले जिल्लाको विकासका लागि वजेटमा पहल गरेका उदाहरणहरु प्रस्तुत गर्दै कार्यान्वयनका लागि समन्वय गरिरहेको बताए। थापाले जिल्लाको विकासका लागि सबै दलको ऐक्यवद्धता हुनु पर्नेमा जोड दिए। कार्यक्रममा विभिन्न पार्टीका पालिका स्तरका नेता तथा कार्यकर्ता गरी १६ जना एमालेमा प्रवेश गरेको प्रचार विभाग प्रमुख आचार्यले बताईन। एमालेले प्यूठानमा १५ गतेसम्म सकिने गरी पालिका अधिवेशनको मिति तय गरेको छ।


## गाउँपालिकाबासीलाई अनुरोध

- महिला हिंसाका घटनालाई कानूनी दायरामा ल्याऔं
- महिला हिसा जोसुकैबाट जुनसुकै बेला जहाँसुकै पनि हुन सक्छ,
- हिंसाका घटना लुकाउँदा, ढाकछोप गर्दा पीडक थप उत्साहित हुन सक्छन्,उत्साहित पीडकले थप घटना घटाउन सक्छन्,
- आफन्त, नातेदार, छिमेकी, साथीभाई वा सहकर्मी भनी पीडकलाई उम्कन नदिऔं, पीडकलाई कानूनी दायरामा ल्याऔं, सभ्य समाजको निर्माण गरौं।

अनुरोधक :
सरुमारानी गाउँपालिका,
गाउँकार्यपालिकाको कार्यालय,बड्डाँडा, प्यूठान

## बालबालिकालाई निमोनियाबाट बनाचौं

- बालबालिकालाई निमोनियाबाट जोगाऔं
- निमोनियाबाट बालबालिकालाई बचाउन, नियमित रुपमा लगाईने खोपहरु लगाऔं।
- आमाको दुधका साथै पोषणयुक्त थप आहार खुवाऔं।
- धुलो, धुवाँ, चिसो तथा प्रदुषणबाट बचाऔं। सरसफाईमा उचित ध्यान दिऔं।
- सङ्क्रमण भएमा चिकित्सकसंग परामर्श गरौं।

अनुरोधक :
स्वास्थ्य कार्यालय, प्यूठान

# गौमुखीको कोदोको रक्सि ब्राण्डिङ भएन




**झुलेनी पोष्ट**
प्यूठान

गौमुखी गाउँपालिका अध्यक्ष विष्णुकुमार गिरीले कानुनी उल्झनका कारण गौमुखी गाउँपालिकाले अघि सारेको कोदोको रक्सी ब्राण्डिङ गर्ने कार्यक्रम कार्यन्वयनमा समस्या भएको बताएका छन् । झुलेनी नेटवर्कको विशेष सम्वादमा कुरा गर्दै गिरीले स्थानीय तहको आवश्यकता अनुसार संघ र प्रदेशले कानुनी जटिलता नफुकाउँदा कतिपय कार्यक्रम कार्यन्वयमै समस्या देखिएको बताएका हुन् ।गाउँपालिकाले गत आर्थिक वर्षमा कोदोको रक्सी व्राण्डिङ्गो अवधारणा लिएको थियो। तर, संघ र प्रदेशले कानुनी उल्झन नफुकाउदा कार्यन्वयनमा समस्या देखिएको गिरीले बताए ।लुम्बिनी प्रदेश सरकारले गत आ.व.मा स्थानीय रक्सी व्राण्डीङ गर्ने निति तथा कार्यक्रम ल्याएकोमा गौमुखी गाउँपालिकाले पनि सोही आधारमा योजना निर्माण गरेको तर, सहजिकरण नभएको गिरीको भनाई छ । 'प्रदेश सरकारले कानुनी जटिलता हटाउला भनेर काम शुरु गर्‍यौं,' गिरीले भने,'तर अस्थिर सरकारका कारण नारामा मात्रै सिमित हुन पुग्यो' । नेतृत्व र कर्मचारी सयन्त्रको भूमिका ठिक नभएका कारण स्थानीयको लगानी भण्डारमा थन्किएको गिरीको भनाई छ ।

# स्वामी विवेकानन्द संस्कृति ज्ञान परीक्षा सम्पन्न



**झुलेनी पोष्ट**
प्यूठान

प्यूठानमा स्वामी विवेकानन्द संस्कृति ज्ञान परीक्षा २०८१ सम्पन्न भएको छ । हिन्दु स्वयंसेवक संघ प्यूठानको आयोजनामा शनिवार बाग्दुला स्थित जनता माध्यमिक विद्यालयमा ज्ञान परीक्षा गरिएको हो ।

परीक्षामा प्यूठान नगरपालिका भित्र रहेका १६ माध्यमिक विद्यालयका ३ सय ७७ जना विद्यार्थीहरु सहभागी भएको हिन्दु स्वयंसेवक संघ प्यूठानका सञ्चालक शालिग्राम पण्डितले जानकारी दिए ।

परीक्षामा मुक्ती माध्यमिक विद्यालयका प्रविन नेपाली प्रथम, सोही विद्यालयकी प्रभा पुनमगर द्धितिय र धर्मावती मा.वि. लम्च्याङ की रमा घर्तीमगर तृतीय भएका छन् । परीक्षामा १२ जना सन्त्वना भएका छन् । प्रथम, द्धितीय, तृतीय र सान्त्वनालाई क्रमशः २० हजार, १५ हजार, १० हजार र १ हजार पुरस्कार प्रदान गरिएको हो । पण्डितको अध्यक्षता र जिल्ला अदालत प्यूठानका प्रमुख, न्यायधिस हिरण्य प्रसाद भण्डारीको प्रमुख आतिथ्यतामा कार्यक्रम सम्पन्न भएको हो ।

'संस्कार सस्कृति नै राष्ट्रको प्राण हुन' भन्ने स्लोगन सहित माध्यमिक विद्यालयका ६ देखि ११ कक्षासम्मका विद्यार्थीहरुलाई परीक्षमा सहभागि गराइएको हिन्दु स्वयंसेवक संघ प्यूठान सह-सञ्चालक गेहराज पण्डितले जानकारी दिए ।

उनले पूर्वीय दर्शन, धार्मिक संस्कारमा भएका वैज्ञानिक कुराहरुको अध्ययन गराइ परीक्षा लिइएकोले नयाँ पुस्तालाई धार्मिक तथा दार्शनिक ज्ञानसंगै संस्कारयुक्त नागरिक बनाउन कार्यक्रम महत्वपूर्ण रहेको बताए । 'धर्म संस्कार रुढीबादी मात्रै नभइ, विज्ञान सम्वत् छन् भन्ने नयाँ पूस्तामा धारणा निर्माण हुनेछ' पण्डितले भने ।

धर्मसंस्कार बुढेशकालमा गर्ने भन्ने मान्यता समाजमा रहेकोले राष्ट्र भक्ति , धर्म संस्कृति संरक्षण, नैतिकता वृद्धि, सभ्य र सुस्कृत नागरिक बनाउनु पर्ने उनले बताए ।

स्वामी विवेकानन्द संस्कृति ज्ञान परीक्षा २०८१ को पाठ्यक्रममा विवेकान्नद सम्बन्धित ज्ञान, व्यवहारिक ज्ञान, धर्म र विज्ञान जोडिएका विषय समावेश रहेको पूर्व क्याम्पस प्रमुख समेत रहेको पण्डितले जानकारी दिए ।

## छोटकरी

# रजवारामा सकियो बोक्सा लखेट्ने नाच



**झुलेनी पोष्ट**
प्यूठान

प्यूठानको गौंमुखी गाउँपालिका-३,रजवारामा बोक्सा 'भूतप्रेत' लखेट्ने मेला सकिएको छ । एक वर्ष बिराएर लाग्ने मेलामा बुधवार धामी झाँक्रीहरूले कला प्रदर्शन गरेका छन् ।

समुदायका स्थानीयको नेतृत्वमा भूमे पूजाका लागि कात्तिक २० गते पुजारी छनोट गरेर बोक्सा लखट्ने नाच नाचिएको हो । कात्तिक महिनाको अन्तिम सोमबार गाउँका मानिसहरू जम्मा हुन्छन् र मङ्गलवार खुङ (जङ्गलमा सिकार) हेर्न जाने परम्परा छ । मङ्सिर पहिलो मङ्गलवार जेठी भूमि भनिने भूमे पूजा सकिएपछि बुधवार झाँक्री नाच नाच्ने चलन रहेको पुजारी नारायण पुनले जानकारी दिए । भूमे पूजा प्रत्येक वर्ष गरिन्छ भने बोक्सा लखेट्ने नाच एक वर्ष बिराएर नाच्ने गरिएको उनले बताए । मेलामा झाँक्रीहरूले तन्त्रमन्त्र सहित नाच देखाउने चलन छ ।

भूतप्रेत, प्राकृतिक विपत्ति, महामारी, सङ्कटहरूबाट बचाउने जनविश्वास रहेको उक्त नाचमा मन्दिर पल्लोपट्टि हलो गाडेपछि समापन हुने स्थानीय तिर्के पुन मगरले बताए । उत्तरी प्यूठानको गौमुखी गाउँपालिकाका १ अर्खा र ३ रजवारामा यस्ता मेलाहरू लाग्ने गर्दछन् । अर्खामा नाच्ने नाचलाई लाटा नाच भनेर चिनिन्छ। हरेक साउने सङ्क्रान्तिको अर्को दिन भूमे पूजा र त्यसैसँग सम्बन्धित रहेर १ वर्षको अन्तरमा लाटा नाच नाच्ने चलन छ ।

# प्यूठानमा उद्योग दिवस मनाइयो




**झुलेनी पोष्ट**
प्यूठान

घरेलु तथा साना उद्योग कार्यालय प्यूठानले उद्योग दिवसको अवसरमा जिल्लाभरका ३३ जना युवाहरुलाई तह १ राट्रिय सीप प्रमाण-पत्र प्रदान गरेको छ ।

जिल्ला समन्वय समितिका उपप्रमुख दुर्गा रेग्मी, मल्लरानी गाउँपालिका अध्यक्ष कृष्ण खड्का, प्रमुख जिल्ला अधिकारी रमा आचार्य सुवेदी लगायतले प्रमाण पत्र प्रदान गरेका हुन्।

"उद्यमशील संस्कृती, राष्ट्रको समृद्धि' भन्ने मूल नाराको साथ दशौं उद्योग दिवसको अबसरमा राष्ट्रिय सीप परिक्षण समिति, सानोठिमी, भक्तपुरबाट तह १ राट्रिय सीप प्रमाण-पत्र प्राप्त गरेका प्रशिक्षार्थीहरुलाई प्रमाण-प्रत्र वितरण गरेको घरेलु तथा साना उद्योग कार्यालय प्यूठानका निमित्त कार्यालय प्रमुख मनिबहादुर गुरुङले जानकारी दिए । दिवसको अवसरमा महेन्द्र माध्यमिक विद्यालयबाट ऱ्याली सहित जिल्ला समन्वय समितिको सभाहलमा पुगेर कार्यक्रम गरिएको थियो । निमित्त कार्यालय प्रमुख गुरुङको अध्यक्षता र जिल्ला समन्वय समितिका उपप्रमुख रेग्मीको प्रमुख आतिथ्यतामा भएको थियो । कार्यक्रममा बोल्दै रेग्मीले सिकेका सीपलाई बाकसमा नथन्काइ व्यवहारमा लागु गरी उद्यमशिल बन्न सुझाव दिईन् । उनले सीप सिकेर विदेशनै जानु पर्दछ भन्ने मानसिकता त्यागेर स्वदेशमै काम गर्न आग्रह गरिन् ।

कार्यक्रममा निमित्त कार्यालय प्रमुख गुरुङले तीन महिने प्रगति विवरण पेश गरेका थिए । उनले पछिल्लो तीन महिनामा ३ उद्योग र ६ व्यवसाय दर्ता भएको बताए ।

प्लम्बर तर्फ ८ जना, असिष्टेन्ट ब्युटिसियन तर्फ ७ जना, हाउस वायरिङ तर्फ ११ जनार कम्प्युटर हार्डवेयर टेक्निसियन तर्फ ७ जना गरी ३३ जना प्रशिक्षार्थीलाई प्रमाण पत्र प्रदान गरिएको थियो । गुरुङ जिल्लामै व्यवसाय सञ्चालनका लागि अनुरोध गर्दै कार्यालयबाट आवश्यक सहयोगको प्रतिवद्धता व्यक्त गरे ।

## के वर्तमान.........

प्रमाण फेला परेको छ।

२. को मान्छे मन पर्छ ?

१. तपाईँ कुनै काममा उम्मेदवार छान्न बस्नु भएको छ भने कस्ता मान्छेलाई छान्नु हुन्छ ?क. सार्वजनिक निकायमा उम्मेदवार छान्दा संज्ञानात्मक क्षमता भएको, कण्ठ गर्न सक्ने र तर्क दिन सक्ने मान्छलाई छान्नु हुन्छ जसले भोलि कार्यक्षेत्रमा कस्तो आइपर्ने समस्याको समाधान कसरी गर्छ थाहा हुँदैन।

ख. निजी क्षेत्रले काममा कर्मचारी नियुक्ति गर्दा धेरै समय दिन सक्ने, सुविधा कम माग्ने, स्वस्थ र राज्यलाई ढाँटेर भए पनि कम्पनिलाई फाइदा गराउन सक्ने व्यक्ति खोज्दछ ।ग. राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी निकायले कर्मचारी छान्दा सकेसम्म ३० वर्ष भित्रका युवा उमेरको लैङ्गिक र जातजातिगत मापदण्ड भित्रको व्यक्ति पहिलो लिष्ट भित्र परेपछी मात्र अंग्रेजी भाषामा बोल्न र लेख्न सक्ने तर आफ्नो बिचार कतै प्रतिविम्बित गर्न नपाउने सर्तमा छान्दछ।

घ. सार्वजनिक शिक्षण संस्थामा उम्मेदवार छान्दा वि. सं. २०५० तिरको जस्तो राजनैतिक आशिर्वादको गुञ्जायस त छैन तर उपयुक्त संख्यामा विषयवस्तुमा पोख्त उम्मेदवार बजारमा पाउन छाडिएछ । त्यसैले पाए मध्येकाबाट जानकार छान्न वाध्य भएको अवस्था छ।

२. तपाईँ कस्ता सामाजिक व्यक्तिलाई रोज्नुहुन्छ ?

क. आजकाल धेरैजसो नेपाली युवालाई समाज, राष्ट्र, राष्ट्रियता, राष्ट्रिय अखण्डता, सामाजिक मूल्य र मान्यताको केहि मतलव छैन। राज्य पनि बलियो हुनु पर्छ, कमाउनु पर्छ र त्यसको केही हिस्सा राज्यलाई पनि तिर्नु पर्छ भनेर कोही बोल्यो भने कसैको झोला बोकेको बिल्ला लगाइदिन्छ । राज्यले विधि बसाल्न कुनै काम गरोस् भन्ने चाहँदैन। समाज र सामाजिक पक्षका बारेमा बोल्ने मानिस खराबमा गणना भएको छ। नयाँपुस्तामा हाल उत्पन्न भएको जीवन दर्शनका अनुसार यो मुलुक आफैँ बनेको हो, यसमा कसैको कुनै केही देन छैन । सबै मानिस खान मात्र जन्मेका हुन्। पाको उमेरको व्यक्तिमा भएको अनुभवले केही लाभ दिँदैन। वढ्दो उमेरका मानिसको कुनै सोचबिचार हुँदैन। समाज निर्माणको सोच राख्ने मानिसहरु पाखण्ड हुन्। त्यसैले यहाँ कोही आदर्श छैन।

कोही कसैका लागि जन्मेको छैन, परिवार संस्था होइन, विवाहमा कुनै नैतिक बन्धन छैन, बाबुआमा आफ्नै लागि जन्मेका हुन्, हरेक व्यक्तिले आफ्नो सुखका लागि जे सुकै गर्न पाउनु पर्छ, जतापनि जान र रमाउन पाउनु पर्छ भन्ने बिचारबाट प्रभावित उत्तरआधुनिक छाडावादको जमानामा नेपाली समाज प्रवेश गरेको छ। युरोपमा पहिलो र दोस्रो गरी उन्नाइसौँ शताव्धिभर भएको औद्योगिक क्रान्तिले मानवलाई सुखसयल र पैसामा रमाउन चरम उपभोक्तावादी बनाएकोले मानवतावादी दर्शनको खाँचो देखिएको थियो। यहाँ फेरी त्यही अवस्था आएको छ।

ख. आजकाल नेपालका धेरै युवालाई नेपालका कोही पनि मन पर्दैन । नेपाल र नेपाली मन नपराएर विदेश प्रतिको आकर्षण वढेको छ । विदेश गएर पनि कसैलाई मन पराउने नभइ कसैले तयार पारिदिएको कम्पनिमा सुरूक्क रोजगारी पाउने र बनिबनाउ सुविधामा घण्टा घण्टामा पारीश्रामिकको हिसाव रहने हुँदा त्यता मन परेको हो। नेपालले अहिले नै विश्व बजारमा प्रतिस्पर्धा गर्न सक्दैन। सो नहुँदा सम्म यस समूहमा पर्ने युवा नेपालमा टिक्ने अवस्था छैन। नेपाल छाड्ने युवा बौद्धिक कामका लागि मात्र गएका होइनन्। श्रम र सजिलोपनको खोजिका लागि पनि गएका हुन् । यसैविच नेपालमा थोरै यस्ता युवा पनि छन् जो नेपालमै बसेर विदेशको नोकरी गर्छन् र नेपाललाई आयकर बुझाउँछन्।

ग. नयाँ युवामा स्थिरता छैन । एकवर्ष पहिले कुनै एक व्यक्तिलाई आदर्श व्यक्ति मान्नुहुन्छ, एक वर्ष नपुग्दै तथानाम गालिगलौज गर्नु हुन्छ । आफूलाई के फाइदा कताबाट कुन बेलामा भएको छ, सोही आधारमा सामाजिक लेखाजोखा गर्नुहुन्छ।

घ. राज्यको उच्चपदमा वा कुनै स्थापीत राजनैतिक दलको उच्च पदमा रहेर लामो समय काम गरेका व्यक्ति पनि आफ्ना सन्तान विदेशमा रमाएको देख्दा आजसम्म आफूले यो देशमा गरेको योगदान व्यर्थ रहेछ राम्रो त मुलुक छाडेर बाहिरिएको भए आज धेरै सुख पाउने रहेछु भनेर पश्चाताप गरेको उदाहरणबाट यो समूहका व्यक्तिले पनि समाजका पक्षमा उदाहरणीय व्यक्ति नदेखेको स्पस्ट हुन्छ।

ङ. नेपाली समाजमा एउटा जमात विदेशीको प्रभावमा उदाउँदो अर्थतन्त्र भएको बंगलादेशमा नेतृत्वको सानो भूललाई पहाड देखी राष्ट्रलाई दशकौँ पछाडी पार्न उद्दत् अभ्यासलाई आदर्श ठान्दछ । श्रीलङ्कामा भैँ राष्ट्रपति निवासमा प्रवेश गरेर सरसामान बटुल्ने रहर पोखेको तथ्य फेसबुकबाट प्रकट गर्दछ।

३. विधायिका के गर्दछन् ?

क. नेपालमा कानुन निर्माता कानुन निर्माण गर्दैनन् । कानुन निर्माण गर्ने पृष्ठभूमिका व्यक्तिलाई निर्वाचनमा जित्न मुस्किलै पर्छ । त्यसैले उनीहरु व्यवस्थापिकामा नसजाइएका कार्यपालिकाका सहायक उपमन्त्री सरहछन् । स्रोतसाधनको खोजी गरेर विकासे वजेटको जोहो गरी अनुत्पादक, टिकाउ नहुने र खाँचो नै नपरेको ठाउँमा वजेट छर्दै अर्को निर्वाचनमा आफैँलाई उभ्याउन अनवरत प्रयासरत छन्।

ख. मुलुक नयाँ राजनैतिक प्रणालिमा प्रवेश गरेपछी सयौँ कानुन बन्नुपर्ने अवस्थामा दशक भित्र हातमा गन्न सकिने मात्र बन्नु यसको उदाहरण हो।

४. सरकार सधै अस्थिर

क. नेपालको वर्तमान संविधानको पूर्ण पालना हुँदा कुनै दलले वहुमतको सरकार गठन गर्नै सक्दैन।

ख. नेपालका राजनैतिक दलमा यस्तो बानी पर्यो कि कुनै दलहरु मिलेर बहुमत पुर्‍याइ नयाँ सरकार गठन गरे पनि सडकमा धेरै दल छुट्ने नै भए। सत्तासुखको मोहका कारण सरकार ढाल्ने खेलमा रंगशाला सँधै भरिभराउ भयो।

ग. सरकारमा पुगेका व्यक्ति सुधार कार्यमा जानुको सट्टा जागिरे बन्दै गएको पाइयो।

५. सरकारी स्थायी संयन्त्र के गर्दैछ ?

क. राजनीतिक अस्थिरतामा स्थायी संयन्त्रलाई मिठो निद्रा लाग्दछ। केही गर्नु पर्दैन। दलगत झण्डा पनि बोकेकै छ। मन नपरेका दलले सरकार बनाए भने निश्कृय बस्ने र मनपरेकाले बनाए भने के के गर्दा व्यक्तिगत फाइदा हुन्छ हेर्दै जाने र साना पदमा बसेकाले हाजीर गरी तलव खाने दिनचर्या नै बनेको छ।

ख. गैरसरकारी क्षेत्र सरकार कमजोर भएको हेर्न चाहन्छ। जहाँ सरकार कमजोर हुन्छ त्यहाँ गैरसरकारी पक्षको काम आउँछ । कतिपय अवस्थामा आफ्ना कामको पुष्टि गर्न सरकारी संयन्त्रको चतुऱ्याईपूर्वक उपयोग गर्दछ। आजकाल नेपालमा सरकार कमजोर भएका कारण यो क्षेत्रका कतिपय संस्था आफैँ नीति निर्माण र कार्यक्रम बनाउँदै आफ्नै संरचना मार्फत सरकारसँग बेखबर तल्लो तहमा पुगी सूचना संकलन गर्दैछ। युवालाई मन्द विषपान गराउँदैछ।

६. दुर्भाग्यपूर्ण राष्ट्रिय सहमतिको विन्दु

क. राज्यका सबै तहमा कार्यरत व्यक्ति, राजनैतिक पदाधिकारी व्यवसायी र आम अभिभावकहरुको साझा इच्छा चाहीँ आफ्ना सन्तानलाई विदेश पठाउनु नै हुन पुगेकोछ।

ख. आफू सत्तामा पुग्नका लागि जै पनि गर्नु र आफू सत्तामा पुग्दा मात्र राम्रो काम हुने अरुले गरेको काम सबै नराम्रो हुने मान्यतामा सबै पक्षको मतैक्यता छ।

७. समस्याको जड

क. सबै समस्याको जड भनेको शिक्षामा पोषणको कमी हो। शिक्षामा पोषण भनेको विचार वा गन्तव्यसहितको शिक्षा हो । विश्वका धेरै देशले राज्य संकटमापरेका बेला शिक्षा मार्फत् समाधान खोजे। आजको दुनियाँमा कितावी शिक्षाले मात्र व्यक्ति र सामाजिक समस्याको समाधान गर्दैन । शिक्षामा प्रविधिको प्रयोगले उत्पादनमा सहयोग पुऱ्याउँछ । शिक्षाले नै राज्य, समाज, परिवार र व्यक्तिको महत्व चिनाउँछ । अमेरिकामा प्रगतिवादी शिक्षासँगै राष्ट्रिवादी, मानवतावादी सहितको सुझपूर्ण शैक्षिक दृष्टिकोणले संसारभरका विद्यार्थी तान्ने काम गऱ्यो । युरोपमा आदर्शवादी शिक्षा पुःन लोकप्रिय बन्दैछ। बेलायतमा संरक्षणवादी शिक्षाले आफ्ना जनशक्तिलाई उत्पादनशिल बनाएको छ । नेपालको हालको विद्यालय तहको पाठ्यक्रमले निर्माणवादलाई पछ्याउने रहर गरेको छ तथापी यसका प्रयोगकर्तामा यसको आशय पुऱ्याउन सकेको छैन । शिक्षाको सही प्रयोगले हाम्रो नीतिलाई सच्याउँछ । अभ्यासलाई सार्थक बनाउँछ । विदेश गएकालाई पनि नेपाल फर्काउँछ।

नेपालको उत्पादनसँग जोडिएर विदेशी कामदार पनि भित्र्याउँछ ।ख. नेपालको संविधानले दृष्टिकोण बोकेको छ तर त्यसको राजनैतिक कार्यान्वयन कमजोर छ । वर्तमान नेपालमा राजनैतिक शक्ति कमजोर बैचारिक धरातलमा उभिएका छन्। बिचारबाट जन्मेका शक्तिले आफ्नो धरातल बिर्सेका देखिन्छन् । राजनैतिक खेमाको बिरुद्धमा रहेका विद्रोही युवाको मूल चरित्र अरुको कामको निन्दा गरी सस्तो लोकप्रियता कमाउनु बनेको छ।

यस समूह समाजमा चरम निराशा प्रकट गराइ सामाजिक मूल्य र मान्यताको ध्वंस गरी विदेश भाग्नुमा मख्ख छ । त्यस्तै सरकारी स्थायी संयन्त्रसँग पनि कुनै सोच बिचार आदर्श केही पनि छैन । आफू को हो, आफ्नो प्रमुख काम के हो, कसकालागि आफ्नो सेवा प्राथमिकतामा पर्छ जस्ता कुरामा स्थायी संयन्त्र बेखबर भइ आत्मकेन्द्रित प्रवृत्तिमा रुमलिएको छ । यस अवस्थामा भौतिक विज्ञानले भने झैँ यो शक्ति जती उफ्रिएपनि दूरी पार नगरेका कारण जहाँको तहीँ रहन्छ । सरकारका १०० दिनका मात्र होइन पाँच वर्षको उपलब्धि पनि यही शक्तिको कामको गतिका कारण कहीँ पुग्दैन ।ग. संसारमा विकास भएका कुनै न कुनै बिचारका राम्रा र खराब पक्ष अवश्य छन् तथापी कुनै पनि बिचार विना मुलुकका कार्यक्रमलाई अगाडी वढाउन खोज्दा न हाँसको चाल न कुखुराको चाल जस्तो भइ जहाँको तहीँ बस्छ। कुनै पनि दृष्टिकोणका राम्रा पक्षलाई अँगालेर राज्यपद्धतिमा गतिशिलता दिन सकिन्छ । पछिल्लो समाजले पालन नगरेता पनि पञ्चायतकालमा पनि मिश्रीत पद्धतीसहितको एउटा बिचारले काम गरेको थियो।

आधुनिकतावाद र उत्तरआधुनिकतावादको प्रवाहसँगै शिक्षामा राज्यले लिएको बिचारले युरोप, अमेरिकालाई सुधाऱ्यो । एशियामा उचित शैक्षिक नीति कै कारण चिन, जापान, कोरिया, ताइवान जस्ता मुलुकहरुले कायापलट गरे । उच्च शिक्षामा कुनै बिचारको प्रधानता नगरिए पनि विद्यालय शिक्षाको पाठ्यक्रम निर्माण गर्दा छलफल भएको हो । साना कक्षाका पाठ्यक्रममा दृष्टिकोण प्रतिविम्वित हुन्छ तर माध्यमिक तहमा यसको प्रयोग कमजोर हुनाका कारणले युवामा शुन्यपन हावी हुन पुगी अराजकताको अवस्था उत्पन्न भयो।

८. र, अन्त्यमा

माथी शुरुवातमा उल्लेख गरिएझैँ यो लेख पनि मलाई चिनेका वा नचिनेका वा मेरो विषयवस्तुसँग चासो भए नभएका कारणले कसैले पढ्छन् भन्ने भ्रमबाट टाढा भएरै लेखिएको छ । यसको मुल आशय समकालिन समाजमा उत्पन्न विचारलाई प्रकाशन गृहले स्थान किन नदिने भन्ने प्रश्न र मेरो उत्पादनमुखी विचारलाई इतिहासको कुनै मोडमा विद्वत्वर्ग सामु प्रयोगमा ल्याउनका लागि संग्रहित गर्न लेखिएको हो । प्रशासन खवरबाट साभार

# बाग्दुला–मच्छी सडक स्तरोन्नति हुँदै




**झुलेनी पोष्ट**

प्यूठान

बाग्दुला-मच्छी सडक खण्ड स्तरोन्नति थालिएको छ । बुधवारदेखि दैनिक ११ घण्टा सडक बन्द गरेरै स्तरोन्नतिको काम गर्न लागिएको छ।

२३ दिनसम्म ११ घण्टा सडक बन्द गरेर काम गरिने भएको हो। सडक स्तरोन्नतिका लागि सडक डिभिजन कार्यालय प्युठानले सूचना जारी गरेर सडक अवरुद्ध हुने जनाएको छ । कार्यालयका सिनियर डिभिजनल इन्जिनियर बिसुन दास लामाका अनुसार बाग्दुला-मच्छी क्षेत्रमा आउँदो मङ्सिर २८ गतेसम्म दिनहुँ बिहान ५ बजेदेखि ९ बजे सम्म,बिहान ११:३० बजेदेखि दिउँसो २ बजे सम्म र बेलुका ४:३० देखि अर्को दिन बिहान ९ बजेसम्म सडक बन्द रहने छ।

५७ लाख ५ हजार ९ सय ६१ रुपैयाँ लागतमा सिराफ विल्डर्स एण्ड सप्प्लायर्स भक्तपुरले ठेक्का प्रक्रियाद्वारा काम थालेको हो । जसअन्तर्गत सडक खण्डको साँघुरो, अप्ठ्यारो बाटो र घुम्तीलाई फराकिलो बनाउने स्टिमेट रहेको कार्यालयले जनाएको छ।

# गर्जेनीमा सुख्खा पहिरो, एक्साभेटर पुरियो

**झुलेनी पोष्ट**

प्यूठान

प्यूठान- भालुवाङ सडक अन्तरगत गर्जेनीमा सुख्खा पहिरो झरेर एक्साभेटर पुरिएको छ । माण्डबि गाउँपालिका-१ गर्जेनि स्थित सडक डिभिजन कार्यालयको एक्साभेटर हिजो पुरिएको हो।

पहिरो हटाउने क्रममा राखिएको ०४२-०४४ नम्बरको एस्काभेटर पुरिएको जिल्ला प्रहरी कार्यालय प्यूठानका सूचना



अधिकारी प्रहरी निरीक्षक केशव केसीले जानकारी दिए। उक्त घटनामा मानवीय क्षति नभएको केसीले बताए।

## गौमुखीको..........

सहयोग निरन्तरता भएर होमस्टे राम्रो संग सञ्चालन हुने छ।' होम स्टे सञ्चालनका लागि सिकाई केन्द्र मार्फत गौमुखी कृषि तथा पर्यटन उद्यमी समुह गठन गरिएको छ। भवनमा शौचालय सहितको रुममा ४ जना, साधारण रुममा ६ जना र खुल्ला रुममा १५ जना गरी एकपटकमा २५ जना बस्न सक्ने गौमुखी २ का वडाअध्यक्ष डोरबहादुर रानाले बताए । उद्यमी समुहले पाहुनाको मागका आधारमा सत्कार गरि स्थानीय उत्पादनका परिकार खुवाउन सकिने रानाले बताए। स्थानीय उत्पादनको प्रवर्द्धन, कला संस्कृतिको बजारीकरण र महिलाहरुलाई उद्यमि बनाउन होम स्टे महत्वपूर्ण हुने गौमुखी गाउँपालिकाका अध्यक्ष विष्णु कुमार गिरीले बताए । 'गौमुखी आउने पाहुँनालाई स्थानीय रहनसहन, संस्कृति अनुसार सत्कारका लागि होम स्टे महत्वपूर्ण छ' गिरीले भने, 'होमस्टेको प्रवर्द्धन र विस्तारका लागि गाउँपालिका प्रतिवद्ध छ।' होमस्टे सञ्तालनमा आएपछि गौमुखी पुग्ने पर्यटकलाई सहज हुने भएको छ। जिल्लामा स्वर्गद्वारी आउने पर्यटकलाई लक्षित गरि यस अघि स्वर्गद्वारी नगरपालिका २ को धनबाङ र ऐरावती गाउँपालिका १ को सिर्सेनीमा पनि होमस्टे सञ्चालनमा छन्।

# स्वर्गद्वारी मन्दिर यस्तो बन्दैछ



**झुलेनी पोष्ट**
प्यूठान

स्वर्गद्वारी मन्दिरको पुनर्निर्माण थालिएको छ । स्वर्गद्वारी आश्रमका संस्थापक स्वर्गद्वारी महाप्रभु (हंशानन्द गिरी)को समाधि स्थलमा प्यागोडा शैलीमा मन्दिरको पुनर्निर्माण थालिएको हो ।

स्वर्गद्वारी आश्रमको आफ्नै लगानीमा पुरानो मन्दिरको पुनर्निर्माण गर्न थालिएको आश्रमका मुख्य कोठरी तामु प्रसाद न्यौपानेले जानकारी दिए । भूमि पूजा गरी मन्दिर शिलान्यास भए पनि डिपिआरले पूर्णता पाइसकेको छैन । करिब १२ देखि १५ करोड लागतमा मन्दिर निर्माण हुने न्यौपानेले बताए । 'केही डिजाइनहरू आएका छन् सोही अनुसार निर्माण थालेका हौँ' न्यौपाने भने, 'भक्तपुरे इट्टा, सुर्की चुना, काठको पिल्लरको मात्रै प्रयोग हुनेछ ।' १ वर्ष भित्र निर्माण सम्पन्न गर्ने लक्ष्य रहेको मन्दिर निर्माणमा आन्तरिक श्रोत तथा दाताहरूबाट सहयोग लिइने आश्रमले जनाएको छ । मन्दिर निर्माणका लागि १ लाख २५ हजार भन्दा बढी दान दिनेहरूको शिलालेखमा नाम लेख्ने र त्यसभन्दा कम सहयोग गर्नेहरूबाट रसिद दिने व्यवस्था गरिएको न्यौपानेले जानकारी दिए ।


## झुलेनी युनाइटेड नेटवर्क प्रा.लि.द्वारा प्रकाशित

झुलेनी पोष्ट साप्ताहिक पत्रिकामा समाचार, सूचना, विज्ञापन, लेख, रचना पठाउनका लागि,

फोन : ०८६-५९०४३६ मा सम्पर्क गर्न सकिनेछ।

mail :jhulenipyuthan@gmail.com

**झुलेनी युनाइटेड नेटवर्क प्रा.लि.**

**प्यूठान नगरपालिका-४ भौका प्यूठान**



## जनहितमा जारी सन्देश

मुटुरोग लगायतका स्वास्थ्य समस्याबाट बच्नः

- चिल्लो तथा बोसोयुक्त खानेकुरा कम खाऔं।
- नियमित रुपमा शारीरिक व्यायाम गरौं।
- मोटोपन, कोलेस्ट्रोल, उच्च रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं।
- धुम्रपान र मद्यपान नगरौं ।

अनुरोधक :

**प्यूठान अस्पताल बिजुवार प्यूठान**


## प्राईभेट तथा साझेदारी फर्म दर्ता, नविकरण र खारेजी सम्बन्धी अत्यन्त जरुरी सूचना

लुम्बिनी प्रदेश सरकारको प्रदेश आर्थिक ऐन, २०८१ को दफा १२ अनुसार, प्राईभेट तथा साझेदारी फर्मको दर्ता, नविकरण र खारेजी सम्बन्धी देहाय बमोजिम विशेष व्यवस्था रहेको हुँदा यस कार्यालयमा दर्ता रहेका जिल्ला स्थित सम्पूर्ण उद्यमी/व्यवसायीहरु तथा सम्बन्धीत सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

विशेष व्यवस्थाः आर्थिक ऐन, २०८१ दफा १२

१. आ.व. २०७८/७९ सम्म वार्षिक विवरण नबुझाएका तथा नविकरण नगरी संचालनमा रहेका वा दर्ता भई संचालनमा नरहेका प्राईभेट तथा साझेदारी फर्मले संवत २०८१ साल चैत्र मसान्तभित्र विवरण सहित नविकरण बा दर्ता खारेज गर्न चाहेमा नियमानुसार लाने नविकरण शुल्क र जरिवाना रकमको पाँच प्रतिशत (५%) ले हुन आउने रकम दाखिला गरेमा बाँकी शुल्क वा जरिवाना मिनाहा गरी नविकरण वा दर्ता खारेज गरिनेछ ।

२. आ.व. २०८१/०८२ मा लघु, घरेलु तथा साना उद्योगलाई दर्ता गर्दा प्रचलित व्यवस्था अनुसार लाग्ने अन्तिम दर्ता शुल्कको ५० प्रतिशत छुट दिई दर्ता गरिनेछ ।

पुनश्चःआवश्यक कागजात दर्ता प्रमाण पत्रको सक्कल प्रति र कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी ।

**घरेलु तथा साना उद्योग कार्यालय**
**खलंगा, प्यूठान**


# लक्ष्मी ट्रेडर्स

प्यूठान न.पा ४ जुम्री प्यूठान

सम्पर्क :
०८६-४६०६४१
९८५७८२०६८२
९८४४९०९६७०
प्रो. बद्री श्रेष्ठ



हामी कहाँ सिमेन्ट, सरिया, इटा, जि आइ, पि वीसी, एच जि पी, पाइप, पाइप फिटिङ्ग, कर्कट पाता, ट्वाइलेट तथा बाथरुम फिटिङ्ग, पानी टंकी रंग रोगन र प्लास्टिक पेन्ट पनि पाइन्छ ।

## बर्द बहादुर गणले मनायो २ सय ६२ औं वार्षिकोत्सव



**झुलेनी पोष्ट**
प्यूठान

नेपाली सेनाको बर्द बहादुर गणले २ सय ६२ औं वार्षिकोत्सव मनाएको छ । नेपाल एकिकरण, नेपालको सीमासुरक्षा र सार्वभौमसत्ताको रक्षार्थ गौरवमय ईतिहास बोकेको उक्त गणले वार्षिकोत्सवको अवसरमा बिहिबार 'बर्द साँस्कृतिक साँझ' सम्पन्न गरेको हो ।

नेपाली सेनाका उपरथी सुदर्शन शिल्वालको प्रमुख आतिथ्यतामा भएको वर्षिकोत्सव समारोहमा शैन्यकला तथा विभिन्न सांस्कृतिक प्रस्तुति प्रदर्शन गरिएको थियो । कार्यक्रममा पूर्वउपरथी विजय थापा, जिल्ला समन्वय समितिका प्रमुख धरम बहादुर जि.सी. स्थानीय तहका प्रमुहरु, प्रमुख जिल्ला अधिकारी, सुरक्षा अंगका अधिकारी तथा पूर्व अधिकारी लगायतको आतिथ्यता रहेको थियो ।

कार्यक्रममा उपस्थित अतिथिलाई स्वागत गर्दै बर्द बहादुर गणका गणपती महेश बाबु कार्कीले नेपालको स्वतन्त्रता, भौगोलिक अखण्डता तथा सार्वभौमसत्ताको रक्षाका लागि इतिहासका विभिन्न कालखण्डमा नेपाली सेना र बर्द बहादुर गणले उदाहरणीय र कीर्तिमानीपूर्ण काम गर्दै आएको बताए । बर्द बहादुर पृथ्वी नारायण साहको एकीकरण अभियान देखि देशको रक्षार्थ जटिल समयमा समेत सफलता हासिल गर्न सफल भएको उनको भनाइ थियो ।

## घरबास नभएपछि सार्वजनिक टहरामा श्रीमानको किरिया



**झुलेनी पोष्ट**
प्यूठान

घरबास नभएपछि प्यूठानकी ३२ वर्षीय रिता बुढामगर सार्वजनिक स्थलमा श्रीमानको किरिया बसेकी छिन् । श्रीमान् उज्वल बुढामगरको मृत्यु भएपछि उनी प्यूठान नगरपालिका ३ स्थित सापडाँडा स्वास्थ्य चौकीको निर्माणाधीन टहरामा किरिया बसेकी हुन् । उनको सहयोगका लागि अहिले स्थानीयले आर्थिक संकलन अभियान चलाएका छन् ।ड्राइभर पेसा गर्ने उज्वलको मङ्गलवार ट्रकमा बसेकै समयमा एक्कासि बेहोस भई मृत्यु भएको थियो । ८ वर्षअघि विवाह गरेका उनीहरूका ६ वर्षीय छोरी र २ वर्षीय छोरा छन् ।

गौमुखी गाउँपालिका वडा नं. २ अर्खा घर बताउने उज्वलले रितालाई बिहेपछि गाउँमा समेत नलगेको रिताले बताईन । उनीहरूको परिवार कोठा भाडामा बस्दै आएको थियो । घरधनीले मृत्यु संस्कार आफ्नो घरमा गर्न नदिने भनेपछि रिताले सार्वजनिक स्थलमा श्रीमानको किरिया बसेकी हुन् ।

श्रीमानको मृत्युपछि अन्तिम संस्कार गर्ने ठाउँ नभएपछि स्वास्थ्य चौकीको निर्माणाधीन टहरामा व्यवस्था मिलाइएको प्यूठान नगरपालिका ३ का वडा अध्यक्ष सुमनराज श्रेष्ठले बताए ।

परिवारमा आम्दानी गर्ने मुख्य व्यक्तिको मृत्यु भएपछि रिताको परिवार सङ्कटमा परेको छ ।

उनका बालबच्चाको भविष्यको लागि स्थानीयले सहयोगको अपिल गरेका छन् । प्यूठान नगरपालिका-४ बिजुवारकी सावित्रा श्रेष्ठले बालबच्चाको भविष्य बिग्रन नदिन सबैले सहयोग गर्नुपर्ने बताइन् ।


## गाउँपालिकाबासीलाई अनुरोध

- महिला हिंसाका घटनालाई कानूनी दायरामा ल्याऔं
- महिला हिसा जोसुकैबाट जुनसुकै बेला जहाँसुकै पनि हुन सक्छ,
- हिंसाका घटना लुकाउँदा, ढाकछोप गर्दा पीडक थप उत्साहित हुन सक्छन्,उत्साहित पीडकले थप घटना घटाउन सक्छन्,
- आफन्त, नातेदार, छिमेकी, साथीभाई वा सहकर्मी भनी पीडकलाई उम्कन नदिऔं, पीडकलाई कानूनी दायरामा ल्याऔं, सभ्य समाजको निर्माण गरौं ।

अनुरोधक :
नौबहिनी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय बाहाने, प्यूठान

## नगरपालिकाबासीलाई अनुरोध

- महिला हिंसाका घटनालाई कानूनी दायरामा ल्याऔं
- महिला हिसा जोसुकैबाट जुनसुकै बेला जहाँसुकै पनि हुन सक्छ,
- हिंसाका घटना लुकाउँदा, ढाकछोप गर्दा पीडक थप उत्साहित हुन सक्छन्,उत्साहित पीडकले थप घटना घटाउन सक्छन्,
- आफन्त, नातेदार, छिमेकी, साथीभाई वा सहकर्मी भनी पीडकलाई उम्कन नदिऔं, पीडकलाई कानूनी दायरामा ल्याऔं, सभ्य समाजको निर्माण गरौं ।

अनुरोधक :
स्वर्गद्वारी नगरपालिका
नगरकार्यपालिकाको कार्यालय भिंगृ, प्यूठान

## आगो, हिटर वा गिजर प्रयोगमा होसियारी अपनाऔं

- आगो वा हिटर नजिकबाट नतापौं,
- कागज, कपडा जस्ता छिटो जल्ने खालका सामग्री आगो वा हिटरको नजिकै नराखौं,
- कोठामा आगो वा हिटर बाल्दा हावा ओहोरदोहोर हुने व्यवस्था मिलाऔं,
- हिटरलाई समय समयमा बन्द गर्ने गरौं,
- आगो वा हिटर बन्द गरेरमात्र सुतौं,
- आगो, हिटर र बिजुलीको काम सकिने बित्तिकै बन्द गरौं,
- गिजरलाई बाथरुम बाहिर खुला ठाउँमा जडान गरौं,
- बाथरुममा गिजरको प्रयोग गर्दा भेन्टिलेसन खुला राखौं,
- गिजर खोलेर लामो समयसम्म बाथरुममा नबसौं,

नेपाल सरकार विज्ञापन बोर्ड



झुलेनी युनाईटेड नेटवर्क प्रा.लि. प्यूठानद्वारा प्रकाशित झुलेनी पोष्ट साप्ताहिक
अध्यक्ष : गिरुप्रसाद भण्डारी (९८५७८३३०५१), सम्पादक : दीपा घर्ती (९८५७८३६६७२),
कार्यालय : प्यूठान न.पा.-४, बिजुवार भौकारोड, (फोन :०८६-५९०४३६) इमेल : jhulenipyuthan@gmail.com मुद्रण : हाम्रो एकता प्रकाशन गृह, जुम्री ,प्यूठान